नेपाल सरकार
स्थानीय विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार)

# ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना
## आयोजना समन्वय इकाई
जावलाखेल, ललितपुर

प.स. ०६६/६७
च.नं.: 262

मितिः २०६६।५।१७

**विषयः Motorable Bridge को Survey Design, Cost Estimate, Report Preparation को Norms, Design Standard र ToR पठाईएको सम्बन्धमा ।**

श्री जिल्ला प्राविधिक कार्यालय
ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना
जिल्ला आयोजना कार्यालयः
पाँचथर, इलाम, झापा, मोरङ्ग, सुनसरी, धनकुटा, सिन्धुली, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, काठमाण्डौं, भक्तपुर, ललितपुर, चितवन, मनाङ्ग, पर्वत, मुस्ताङ्ग, रुकुम, रोल्पा र डडेलधुरा ।

यस ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना अन्तर्गत मोटरेवेल पुलहरुको निर्माण कार्य गर्ने उद्देश्यले यस आयोजना अन्तर्गतका २० Core जिल्लाहरुमा लगभग ५० वटा पुलहरु निर्माण गरिने लक्ष्य रहेको छ । यसको लागि Survey, Design, Cost Estimate र Report preparation को Norms आवश्यक रहेको छ । स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागबाट सञ्चालन हुँदै आएको सामुदायिक मोटरेवल पुलको सर्भेक्षण डिजाईन लागत अनुमान तथा प्रतिवेदन तयारीका लागि सडक विभागबाट तयार गरिएको Norms नै प्रयोग भैरहेको हुँदा यस आयोजना प्रयोजनका लागि पनि तराई र पहाडी क्षेत्रका लागि छुट्टाछुट्टै Norms पठाईएको छ । उपरोक्त नमर्समा पहाडी क्षेत्रका लागि र स-साना पुल पुलेसा भएको कारण Soil Investigation आवश्यक नदेखिएकोले Site data लाई नै अधिकतम प्रयोग गर्ने गरी छुट्टै नर्मस पठाईएको छ । संलग्न नर्मस, Design Standard र ToR को आधारमा District Implementation Support Team (DIST) मा उपलब्ध Man power बाट र अपुग भएको अवस्थामा DIST मा उपलब्ध Provisional Sum बाट नै व्यवस्था गर्ने गरी तथा अन्यका लागि वार्षिक बजेट शिर्षक नं. ६.०७ को "२० जिल्लामा पुलहरुको सम्भाव्यता अध्ययन, विस्तृत ईञ्जिनियरिङ्ग सवेक्षण, डिजाईन तथा वातावरणीय पुर्नवास योजना" भन्ने कार्यक्रममा समावेश गरेर खर्च गर्ने गरी कार्य अगाडी बढाउनु हुन निर्देशानुसार अनुरोध छ । साथै डोलिडार अन्तर्गतको Trail Bridge Section मा प्रयोग भएको एउटा Sample Estimate पनि यसै साथ संलग्न गरिएको छ ।

रेणु विश्वास
प्रोजेक्ट ईञ्जिनियर

बोधार्थः
श्री जिल्ला विकास समितिको कार्यालय,
पाँचथर, इलाम, झापा, मोरङ्ग, सुनसरी, धनकुटा, सिन्धुली, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, काठमाण्डौं, भक्तपुर, ललितपुर, चितवन, मनाङ्ग, पर्वत, मुस्ताङ्ग, रुकुम, रोल्पा र डडेलधुरा ।

फोन: ५५४३१९७, ५०००१२८ (डाइरेक्ट), ५५५५००१, ५५४६३५५ (एक्स्टेन्शन- २०५, २०७, २०८), फ्याक्स: ५००००७
Website: www.dolidar.gov.np, E-mail: rrrsdp@dolidar.gov.np